ISSN 2676–1297
**Volume 8** **Issue 15** **April/May 2026**

# खस भाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमताको परीक्षण

रणबहादुर रावत 'संजीव गाउँले'
ग्राजुयाट स्कुल अफ एजुकेसन, शिक्षार्थी, कीर्तिपुर
sanjeevktwoh@gmail.com

*अध्ययनसार*

*प्रस्तुत लेख खस भाषी विद्यार्थीको वर्णविन्यास क्षमताको परीक्षणमा केन्द्रित रहेको छ । परिमाणात्मक विधिको प्रयोग गरिएको लेखमा खस भाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमताको परीक्षण गर्ने उद्देश्य रहेको छ । यस लेखमा खस भाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमता के कस्तो छ ? नेपाली भाषाको प्रयोगमा यसले के प्रभाव पार्न सक्दछ ? जस्ता अनुसन्धेय प्रश्नमा आधारित छ । खस भाषी विद्यार्थीहरूको वर्णविन्यासमा समस्या हुने परिकल्पना माथिको यथार्थ अध्ययन गर्नका लागि कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूलाई नमुनाको रूपमा लिइएको छ । सहभागी नमुनाबाट सङ्कलन गरिएको तथ्याङ्कलाई SPSS को माध्यमबाट T–Test र Anova Test गरी विश्लेषण गरिएको छ । वर्णविन्यासको क्षेत्रअन्तर्गत शुद्ध पारेर पुनर्लेखन गर्ने, 'ब' उच्चारण भएर 'व' लेखिने, 'श', 'ष' र 'स' प्रयोग र उपर्युक्त शब्द छनौट जस्ता आश्रित चरमा लिङ्ग, घरमा प्राप्त हुने सिकाइ सहयोग, पारिवारिक शैक्षिक अवस्था र अतिरिक्त क्रियाकलापमा सहभागिताजस्ता स्वतन्त्र चरको प्रभाव र सहसम्बन्धका विषयमा अध्ययन गरिएको छ । परीक्षणको नतिजालाई मूल्याङ्कन गर्दा आश्रित चर र स्वतन्त्र चरबिचको सम्बन्धले करिब आधा प्रतिशत प्रभाव पार्ने वा सिकाइ प्रभावित हुने पाइएको छ । खस भाषाका विद्यार्थीहरूको वर्णविन्यास सिकाइ क्षमता मध्यम स्तरको रहेको र वर्णविन्यासको सिकाइमा लिङ्ग, घरमा सिकाइको वातावरण, पारिवारिक शैक्षिक अवस्था, अतिरिक्त क्रियाकलापमा सहभागीताको अवस्था जस्ता कारणले सिकाइमा करिब आधा प्रतिशतले प्रभाव पार्छ भन्ने निष्कर्ष प्राप्त भएको छ ।*

**मुख्य शब्दावली** ः औसत, खस, परीक्षण, प्रभाव, वर्णविन्यास ।

## विषयपरिचय

वर्णविन्यास भाषा प्रयोग तथा सिकाइको महत्त्वपूर्ण पक्ष हो । भाषाको उपयुक्त र स्तरीय प्रयोगका लागि वर्णविन्यासमा ख्याल गर्न आवश्यक हुन्छ । वर्णविन्यासको उपयुक्त प्रयोगबाट मात्र भाषाको उपयुक्त प्रयोग तथा सिकाइ हुनसक्छ । खनिया (२०८१) का अनुसार "लिखित भाषामा वर्ण, मात्रा, चिन्ह, आदिलाई लेखाइको नियमअनुसार विधान गर्ने कार्य वर्णविन्यास हो । अर्थात शब्द तथा वाक्यमा वर्णहरूको उपयुक्त रखाइसम्बन्धी व्यवस्थालाई वर्णविन्यास भनिन्छ" (पृ. ७९) । वर्णहरूको उचित रखाइ एवम् विन्यासका सम्बन्धमा पोखरेल र पोखरेल (२०७९) ले भनेका छन् "लघुतम युग्मका आधारमा स्थापित वर्णहरूको मात्र उपयोग गरेर कुनै भाषा लेखिन्छ भने, त्यस भाषाको लेखनलाई 'वर्णविन्यास' (अर्थात, वर्णहरूको विन्यास) भन्न सकिन्छ" ( पृ . १५३) । स्थापित र उचित वर्णको उपयुक्त प्रयोगबाट मात्र भाषाको सही प्रयोग हुनसक्छ । खस भाषीहरूका लागि नेपाली भाषा दोस्रो भाषा सरह सिकिने र प्रयोग व्यवहार हुने भएकाले वर्णविन्यासगत त्रुटिहरू हुने र नेपाली भाषा प्रयोगमा कमजोरीहरू देखिने अवस्थाको सृजना हुनसक्छ । बन्धु (२०७७) का अनुसार "नेपाली भाषाभाषीका लागि नेपालभित्रको कुनै पनि भाषा दोस्रो भाषा हो भने नेपालका विभिन्न भाषा बोल्नेहरूका लागि नेपाली दोस्रो भाषा हो" (पृ.३०१) । यस हिसाबले खस भाषीका लागि नेपाली दोस्रो भाषा हो । पहिलो भाषाले दोस्रो भाषा सिकाइमा प्रभाव पार्न सक्दछ । दोस्रो भाषा सिकाइमा पहिलो भाषाको प्रभावका सम्बन्धमा भुसाल र भट्ट (२०७७) ले भनेका छन् " दोस्रो भाषा सिकाइका क्रममा पहिलो भाषका भाषा व्यवस्थागत भिन्नताले प्रशस्त प्रभाव पार्ने देखिन्छ । एउटा भाषाको भाषिक व्यवस्थामा सक्षम भइसकेको वा बानी परिसकेको सिकारूलाई दोस्रो भाषा सिकाउनुपर्ने भएकाले स्वभाविक रूपमा यस्तो शिक्षण दुरूह हुन जान्छ " (पृ. पृ. ४५०-४५१) । यस हिसाबले हेर्दा खस भाषी विद्यार्थीहरूका लागि पनि नेपाली सिकाइमा खस भाषाले प्रभाव पार्ने देखिन्छ । उनीहरूले नेपाली भाषाको प्रयोग औपचारिक स्थान र अवसरमा मात्र गर्ने भएकाले पनि त्यस्तो हुने सम्भावना हुन्छ । बन्धु (२०२८) को भनाइमा "सिंजा र त्यसका वरिपरिका ठाउँ जुम्ला, हुम्ला, मुगु, तिब्रीकोट जिल्लाहरूमा सिंजाली बोलिन्छ र यस क्षेत्रको शिक्षा,

प्रसार र प्रशासनमा नेपालीको उपयोग हुन्छ " (पृ. ११) । यसरी हेर्दा खस भाषी विद्यार्थीहरूले विद्यालयबाट नै नेपाली भाषा सिक्ने भएकाले उनीहरूले वर्णविन्यासको विशेष ज्ञान लिन आवश्यक हुन्छ । वर्णविन्यासको उचित प्रयोग नै भाषा प्रयोगमा स्तरीयताको मापक हुने भएकाले खस भाषी विद्यार्थीहरूका लागि नेपाली भाषाको वर्णविन्याससम्बन्धी सिकाइ तथा प्रयोग के कस्तो अवस्थामा छ त्यसको आँकलन गरी उचित मार्ग पहिचान गर्नु वान्छनीय देखिन्छ ।

खस भाषी विद्यार्थीहरू आफ्नो घरपरिवार र समाजमा खस भाषाबाट नै सञ्चार र भाषिक सम्प्रेषण गर्दछन् । त्यसैले पनि खस भाषीहरू वर्णविन्यास सक्षमतामा कमजोर हुने सम्भावना अधिक रहन्छ । नेपाली भाषालाई विद्यालयमा मात्र सिक्ने हुनाले उनीहरूका लागि नेपाली भाषाको सहज प्रयोग एक चुनौती र समस्याको रूपमा खडा भएर नेपाली भाषाको स्तरीय प्रयोगमा कमजोर देखिन्छन् । नेपाली भाषा सिकाइमा गरेका त्रुटिको विश्लेषण गर्ने क्रममा खत्री (सन् २०२४) ले प्रस्तुत गरेको निष्कर्षमा भनिएको छ, "क्रियापदको अन्तिम वर्णलाई हलन्त उच्चारण गरेको पाइयो । तिमी कर्तामा प्रयोग हुने पढ्छ, भन्छ, गर्छ, लेख्छ जस्ता संयुक्त व्यञ्जनमा आउने अकारान्त क्रियापदलाई पढडोछ्, भन्दोछ्, गर्दोछ, लेक्दोछ् उच्चारण गरेको पाइयो" (पृ .१४९) । खत्रीको अध्ययनले वाक्य निर्माणमा समेत समस्या रहेको सङ्केत गर्दछ । त्यसैले खस भाषी विद्यार्थीहरूको नेपाली सिकाइका विभिन्न समस्याहरूमध्ये कक्षा १० का विद्यार्थीहरूको वर्णविन्यास क्षमताको परीक्षण गर्ने र वर्णविन्यासका प्रभावित क्षेत्रहरूको पहिचान गर्ने उद्देश्य रहेको यस अनुसन्धानले खस भाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमता कस्तो छ ? वर्णविन्यासका कुन कुन क्षेत्रमा कस्तो प्रभाव परेको छ ? जस्ता अनुसन्धान प्रश्नको निरूपण गर्दै आवश्यक सुझावहरू प्रस्तुत गर्ने अपेक्षा लिइएको छ ।

**सैद्धान्तिक पर्याधार**

वर्णविन्यास वर्णको उचित रखाइ र व्यवस्थित प्रयोगसँग सम्बन्धित हुन्छ । वर्णहरूको उचित प्रयोगको परम्परा नेपाली वर्णमा भन्दा पहिला संस्कृतमा रहिआएको देखिन्छ । संस्कृत व्याकरणको विकासका कारण संस्कृत तथा प्राकृत भाषामा वर्णविन्यासको कार्य प्रक्रियाको थालनी भएको देखिन्छ । पोखरेल र पोखरेल (२०७९) ले आफ्नो पुस्तकमा भनेका छन् "वररूचि र हेमचन्द्र जस्ता व्याकरणकारहरूका प्रयासले उपलब्ध प्राकृत भाषाको वर्णविन्यासमा पनि नियमितता पाइन्छ । लिच्छिविकालीन (पाँचौ-सातौँ शताब्दी) नेपालीका अभिलेखहरूको भाषा पनि संस्कृत भएकाले गर्दा त्याहाँ वर्णविन्यासको अनियमितता त्यति पाइँदैन" (पृ.१३८)। वर्णहरूको उचित रखाइ तथा प्रयोगको इतिहासमा पाणिनीको महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । पाणिनीले विकास गरेको माहेश्वर सूत्र र प्रत्याहार व्यवस्थाले वर्णविन्यास परम्परालाई गतिदिने काम गरेको देखिन्छ । चौलागाईं (२०७९) का अनुसार "..वर्ण समुच्चयलाई व्यवस्थित रूपमा प्रस्तुत गर्न पाणिनीय व्याकरणमा माहेश्वर सूत्रको विन्यास गरिएको हो । प्रत्याहारलाई व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि माहेश्वर सूत्रमा रहेका सुरुको वर्ण र अन्तिम हल् वर्ण (खुट्टो काटिएको वर्ण) को समुच्चयलाई नै प्रत्याहारको नाम दिइएको छ (पृ. २०) । यसरी पाणिनिबाट विकसित वर्णविन्यास कार्य विकसित अवस्थामा पुगिसक्दा विभिन्न भाषामा के कसरी कार्यान्वयवन र प्रयोगमा हुन्छ भनेर विभिन्न अध्ययनहरू हुने गरेका छन् । नेपाली भाषाका वर्णविन्यासको प्रयोगका सन्दर्भमा सोडारी (२०२३) ले 'माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको वर्णविन्यास क्षमता' शीर्षकमा अनुसन्धान गरेको देखिन्छ । विद्यार्थीहरूको वर्णविन्यास क्षमताको पहिचान गर्नु, भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको वर्णविन्यास क्षमताको विश्लेषण गर्नु जस्ता उद्देश्यहरू राखेर परिमाणात्मक अनुसन्धान ढाँचाको विशेलेषणात्मक, व्याख्यात्मक र क्षेत्रीय विधिको प्रयोग गरेर दोलखाको ४ वटा विद्यालयका जम्मा ४० जना विद्यार्थीहरूको छनौट गरी अधययनलाई अगाडि बढाइएको छ । ह्रस्व र दीर्घ, 'श', 'स', 'ष', 'य', 'ए', 'ब', 'व', पदयोग र पदवियोग चन्द्रविन्दु, शिरविन्दुको प्रयोग हलन्त र अजन्तको प्रयोग आदि क्षेत्रको वर्ण विन्यास क्षमताको अध्ययन गरी समग्रमा ३८% ले वर्णविन्यासगत त्रुटि गरेको र ६२% ले शुद्ध गरेको त्यसमध्यै सबैभन्दा धेरै चन्द्रविन्दुको प्रयोगमा ५८ % ले र सबैभन्दा कम त्रुटि 'य' र 'ए' को प्रयोगमा २७% ले गरेको निष्कर्ष निकालिएको छ ।

त्यस्तै वर्णविन्यासगत त्रुटिको कारण र समाधानको खोजीका लागि अर्याल (२०२४) ले स्नातक र स्नातकोत्तर तहमा नेपाली मूल विषय लिएर अध्ययन गर्ने १७ जना विद्यार्थीहरूको वर्णविन्यासगत त्रुटिका पक्षहरूको अध्ययन गरेका छन् । प्रत्यक्ष अवलोकन र श्रुतिलेखनद्वारा समूह परीक्षण विधिको प्रयोग गरी ह्रस्व र दीर्घ, 'श', 'स', 'ष', 'य', 'ए', 'ब', 'व', पदयोग र पदवियोग चन्द्रविन्दु, शिरविन्दुको प्रयोग हलन्त र अजन्तको प्रयोग, क्ष छे, छ्य को प्रयोग, रि र ऋ को

प्रयोग जस्ता क्षेत्रको वर्णविन्यासगत त्रुटिहरू पहिचान गरी त्रुटिका कारणहरू समेतको खोजी गरेको छ। नेपाली मूल विषय लिएर अध्ययन गर्नेहरूले समेत वर्णविन्याससम्बन्धी त्रुटि गरेको निष्कर्ष निकालेको यस लेखले त्रुटि निराकरण नहुँदासम्म निरन्तर अभ्यास गर्नुपर्ने, विद्यार्थीलाई उत्साहित गर्नुपर्ने, पाठ्यपुस्तक तथा शब्दकोशको प्रयोग गरेर शुद्ध लेख्ने बानीको विकास गराउनुपर्ने, योग्य र अनुभवी शिक्षकलाई प्राथमिकता दिनुपर्ने, शिक्षकलाई तालिमको व्यवस्था हुनुपर्ने जस्ता सुझाव प्रस्तुत गरिएको छ। खस भाषी विद्यार्थीहरूको वर्णविन्यासको अवस्था अध्ययनसँग सम्बन्धित अनुसन्धानमा शाही (सन २०२४) ले खस मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइको अध्ययन गर्ने क्रममा विद्यार्थीले नेपाली भाषा सिक्ने क्रममा उच्चारण र वर्णविन्यासमा प्रभाव परेको निष्कर्ष निकालेका छन्। उच्चारण गर्दा महाप्राण ध्वनिलाई अल्पप्राण, सघोष ध्वनिलाई अघोष, शब्दमध्य र शब्दान्तमा 'ह' को लोप, पञ्चम 'ण' वर्णलाई 'न' रूपमा उच्चारण, ध्वनि विपर्यासगत उच्चारण, आकार र रकारको रेफगत उच्चारण, अर्धस्वर 'य' को 'ए' उच्चारण गरेको नतिजा प्रस्तुत छ। यस्तो उच्चारणमा खस भाषाको प्रभाव भएकाले यो प्रभाव वर्णविन्यास (लेखाइ) मा पनि अंशतस् विद्यमान छ। खस मातृभाषी विद्यार्थीहरू उच्चारण र वर्णविन्यास (लेखाइ) क्षेत्रमा यस्ता पक्षहरू देखिनु भाषिक पृष्ठभूमिको प्रभाव तथा भाषागत विशिष्टता भएको निष्कर्ष निकालेका छन्।

पन्थ (सन २०२४) ले गरेको थारूभाषी विद्यार्थीका नेपाली उच्चारणगत र वर्णविन्यासगत त्रुटिसम्बन्धी अध्ययनले थारूभाषी विद्यार्थीको उच्चारणमा 'ब' हुने तर लेखाइमा 'व' हुने अवस्थामा 'व' नै लेखी त्रुटि गरेको, 'य' लेख्नुपर्ने ठाउँमा 'ए' र 'ए' लेख्नुपर्ने ठाउँमा 'य' लेखी त्रुटि गरेको, 'क्ष' लेख्नुपर्ने ठाउँमा 'छ' र 'छ' को ठाउँमा 'क्ष' को प्रयोग गरको नतिजा प्रस्तुत गरिएको छ। पदवियोग गर्नुपर्ने ठाउँमा पदयोग गरेको, चन्द्रबिन्दु दिनुपर्ने ठाउँमा शिरबिन्दुको प्रयोग गरेको, 'श', 'ष', 'स' सम्बन्धी परीक्षणमा कुन 'स' को प्रयोग गर्ने भन्ने सम्बन्धमा स्पष्ट नभएको देखाइएको छ। 'ढ' वर्णलाई 'ड' उच्चारण गरेको, 'त' वर्गका वर्णलाई 'ट' वर्गमा उच्चारण गरेर 'ग्यँ' संयुक्त वर्णलाई 'ग', 'गे', 'ग्गे' मा रूपान्तरण गरी उच्चारण गरेर त्यस्तै हलन्त उच्चारण गर्नुपर्नेमा अजन्त र अजन्त उच्चारण गर्नुपर्नेमा हलन्त उच्चारण गरी त्रुटि गरेको र पञ्चम वर्णको उच्चारणमा अधिक त्रुटि देखाइएको छ। मातृभाषाको प्रभाव, वर्णविन्यासका नियमसँग अनभिज्ञता, ध्यान दिएर सुन्ने तथा लेख्ने बानीको अभाव र शिक्षकको उपयुक्त निर्देशनको अभाव आदि कारणले वर्णविन्यासमा त्रुटि गरेको निष्कर्ष निकालिएको छ।

कुनै पनि अनुसन्धानलाई उद्देश्यपूर्ण बनाई सम्पन्न गर्ने तरिका र प्रकृया नै अनुसन्धान विधि हो। लम्साल र खनाल (२०७८) ले अध्ययन विधिलाई प्रष्ट्याउने क्रममा भनेकाछन् "अध्ययन विधि र प्रक्रिया भनेको अनुसन्धानको मार्गचित्र हो" (पृ. १५२)। अर्थात् अनुसन्धान विधिले नै अध्ययनलाई सही मार्गबाट लक्षित गन्तव्यमा पुग्न मद्दत गर्दछ। प्रस्तुत लेखमा परिमाणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ। अध्ययनका लागि विशेषतः स्थलगत सर्वेक्षण अन्तर्गतको समतलीय सर्भे तथा कक्षा अवलोकन विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ। यसका लागि शैक्षिक सत्र २०८१ जुम्ला जिल्ला, तिला गाउँपालिकाका सामुदायिक विद्यालयबाट माध्यमिक तह कक्षा (१०) मा अध्ययनरत खस भाषी विद्यार्थीहरूलाई नमुनाको रूपमा छनौट गर्ने क्रममा श्री सरस्वती माध्यमिक विद्यालय तिला, ३ कुडारीबाट ७२ जना श्री सिता मावि रारालिही,५३ जना जनज्योति मावि राँसाबाट ३७ जना र श्री देवीमहादेव मावि रुखेडाचौरबाट ३८ जना गरी जम्मा २०० जनालाई जम्मा जनसंख्याको रूपमा लिएर विभिन्न जाति, धर्म, लिङ्ग, पेसा, पारिवारिक शैक्षिक अवस्था, कक्षा नियमितता आदि असमान गुण Hetrogeneous भएका सबै एकाइहरू जुनसुकैबाट पनि पर्न सक्ने गरी Random Sampling नमुना छनौट विधिको प्रयोग हुने गरी चार वटै माध्यमिक विद्यालयका उक्त २०० विद्यार्थीहरूबाट एमानेको सूत्र Yamane´s formula का आधारमा १३३ जनालाई नमुना जनसंख्या मानी अध्ययन गरिएको छ। प्रश्नावलीबाट प्राप्त परिणामलाई प्राथमिक स्रोत सामग्रीको रूपमा लिइएको छ भने उक्त विषय सम्बद्ध अनुसन्धानमूलक कार्यहरू, व्याकरणका प्रकाशित पुस्तकहरू तथा विविन्न जर्नलमा प्रकाशित लेख रचनालाई द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ। प्रस्तुत अध्ययनमा निगमन विधिको प्रयोग गरी सामग्रीको विश्लेषण गरिएको छ। शुद्ध पारेर पुनर्लेखन गर्नेमा पाँच पूर्णाङ्क, ब' उच्तारण भएर 'व' लेखिनेमा पाँच पूर्णाङ्क, 'श', 'ष' र 'स' प्रयोगमा पाँच पूर्णाङ्क र उपयुक्त शब्द छनौटमा पाँच पूर्णाङ्कका प्रश्नहरू तयार पारी जम्मा २० पूर्णाङ्कको प्रश्नावली निर्माण गरी वर्णविन्यास क्षमताको परीक्षण गरिएको छ। विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कलाई तालिकीकरण गरी विश्लेषण गरिएको छ।

आश्रित चर Dependent variable अन्तर्गतका वर्णविन्यास क्षमता भित्रका ह्रस्व दीर्घसम्बन्धी, 'ष', 'स' र 'श' सम्बन्धी, पदयोग र पदवियोगसम्बन्धी, शुद्ध शब्द पहिचानसम्बन्धी 'य' 'ए' को प्रयोगसम्बन्धी २० पूर्णाङ्कको विभिन्न पूर्वनिर्धारित बन्ध प्रश्नावलीलाई तथ्याङ्क सङ्कलनको साधनको रूपमा प्रयोग गरी संरचित प्रश्नावलीका माध्यमबाट परीक्षा लिएर तथ्याङ्क सङ्कलन गरिएको छ।

प्राप्त भएको नतिजालाई जात, धर्म, आमाबुबाको पेसा, पारिवारिक शैक्षिक अवस्था, कक्षा सहभागिता, घरमा प्राप्त हुने अध्ययन समय, जस्ता स्वतन्त्र चरसँग आश्रित चरको T– test / One Way Anova टेस्ट लगाई SPSS बाट डाटा विश्लेषण गरी तार्किक निष्कर्षमा पुगिएको छ।

अध्यायमा समावेश विभिन्न चरहरूको अवस्था र विशेषताहरू निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं १**

| चर | वर्गीकरण समूह | संख्या | प्रतिशत |
|---|---|---|---|
| | पुरुष | ५६ | ४२. १ |
| | महिला | ७७ | ५७.९ |
| | जम्मा | १३३ | १०० |
| | खस | १३१ | ९८. ५ |
| | अन्य | २ | १.५ |
| | जम्मा | १३३ | १०० |
| | १४ वर्ष<br>१५ वर्ष<br>१६ वर्ष | २९<br>७४<br>३० | २१.८<br>५५.६<br>२२.६ |
| | जम्मा | १३३ | १०० |
| | शिक्षित | ४६ | ३४.६ |
| | साक्षर | ७४ | ५५.६ |
| | निरक्षर | १३ | ९.८ |
| | जम्मा | १३३ | १०० |
| | जागिर | १२ | ९ |
| | कृषक | ७४ | ५५.६ |
| | व्यापारी | ३६ | २७.१ |
| | उद्योगी | २ | १.५ |
| | ज्याला मजदुर | ९ | ६.८ |
| | जम्मा | १३३ | १०० |
| | ब्राह्मण /क्षेत्री | ११६ | ८७.२ |
| | जनजाति | ४ | ३.० |
| | दलित | १० | ७.५ |
| | अन्य | ३ | २.३ |
| | जम्मा | १३३ | १०० |
| | हिन्दू | १२५ | ९४.० |
| | अन्य | ८ | ६.० |
| | जम्मा | १३३ | १०० |

| | | | |
|---|---|---|---|
| कक्षामा उपस्थिति (हप्तामा) | १ दिन | ३ | २.३ |
| | २ दिन | २ | १.५ |
| | ३ दिन | २२ | १६.५ |
| | ४ दिन | ५० | ३७.६ |
| | ५ दिन | ४७ | ३५.३ |
| | ६ दिन | ९ | ६.८ |
| | जम्मा | १३३ | १०० |
| | नबिताउने | १६ | १२.० |
| | १ घण्टा बिताउने | १०५ | ७८.९ |
| | २ घण्टा बिताउने | ६ | ४.५ |
| | ३ घण्टा बिताउने | ३ | २.३ |
| | ४ घण्टा बिताउने | ३ | २.३ |
| | जम्मा | १३३ | १०० |
| | कहिलेकाहीँ हुने | १०६ | ७९.७ |
| | सधैँ हुने | २४ | १८.० |
| | कहिले पनि नहुने | ३ | २.३ |
| | जम्मा | १३३ | १०० |
| | पाउने | १०४ | ७८.२ |
| | नपाउने | २९ | २१.८ |
| | जम्मा | १३३ | १०० |
| | ए प्लस | ८७ | ६५.५ |
| | ए | १६ | १२.० |
| | बि प्लस | २५ | १८.८ |
| | बि | ५ | ३.८ |
| | जम्मा | १३३ | १०० |
| | १ घण्टा | १४ | १०.५ |
| | २ घण्टा | ६७ | ५०.५ |
| | ३ घण्टा | ३३ | २४.८ |
| | ४ घण्टा | १७ | १२.८ |
| | ५ घण्टा | २ | १.५ |
| | जम्मा | १३३ | १०० |

प्रस्तुत अध्ययनमा खस भाषाका विद्यार्थीहरूको वर्णविन्यास क्षमताको परीक्षण गर्नका लागि लिङ्ग, भाषा, उमेर, पारिवारिक शैक्षिक अवस्था, बाबुको पेसा, जाति, धर्म, कक्षामा उपस्थित, इन्टरनेटमा समय बिताउने, अतिरिक्त क्रियाकलाममा सहभागी हुने, घरमा सिकाइ सहयोग पाउने, अन्तिम कक्षाको नतिजा अपेक्षा गर्ने आदि अनाश्रित चरहरूसँग शुद्ध गरेर पुनर्लेखन गर्ने, ब को उच्चारण र व को प्रयोग हुने, श,ष र स को प्रयोग र सही शब्दको छनौट जस्ता आश्रित चरहरूको सहसम्बन्धको मूल्याङ्कन गरिएको छ। त्यसका लागि प्रस्तुत अनाश्रित चरहरूमा लिङ्गका आधारमा पुरुष ५६ जना अर्थात् ४२.१ प्रतिशत र महिला ७७ जना अर्थात ५७.९ प्रतिशत सहभागि गराइएको छ। अर्थात् छात्र सहभागी

भन्दा छात्रा सहभागी १५. ८ प्रतिशतले बढी रहेको देखिएको छ। भाषाका हिसावले खस भाषाका विद्यार्थी ९८.५ प्रतिशत र अन्य १.५ प्रतिशत मात्र रहेको पाइएको छ। खस भाषी विद्यार्थीकै परीक्षण गरिएको हुनाले करिब ९९ प्रतिशत खस विद्यार्थी सहभागी भएको पाइएको छ। त्यस्तै उमेरका हिसाबले २१.८ प्रतिशत १४ वर्षका ५५.६ प्रतिशत १५ वर्षका र २२.६ प्रतिशत १६ वर्ष उमेरका विद्यार्थीहरू सहभागी रहेको पाइएको छ। पारिवारिक शैक्षिक अवस्था शिक्षित, साक्षर र निरक्षर क्रमशः ३४.६ प्रतिशत ५५.६ र ९.८ प्रतिशत रहेका विद्यार्थी सहभागी रहेको अध्ययनले देखाएको छ। त्यस्तै बाबुको पेसा जागिर हुने ९.० प्रतिशत, कृषक ५५.६% व्यापारी २७.१% उद्योगी १.५ % र ज्यालामजदुरी गर्ने ६.८ प्रतिशत विद्यार्थी रहेका पाइएको छ। यसमा सबैभन्दा धेरै विद्यार्थीका बाबुले कृषि गर्ने गरेको र सबै भन्दा थोरैले ज्याला मजदुरी गर्ने गरेको पाइएको छ। जातिगत सन्दर्भमा ब्राह्मण क्षेत्री सबैभन्दा धेरै ८७.२% जनजाति ३.४% , दलित ७.५ % र अन्य २.३ प्रतिशत रहेको पाइएको छ। सबैभन्दा धेरै ब्राह्मण क्षेत्री र सबैभन्दा कम अन्यमा २.३ प्रतिशत विद्यार्थीहरू सहभागी रहेको पाइयो। त्यस्तै धर्मका हिसाबले हिन्दू ९४.२ प्रतिशत र अन्य ६.० प्रतिशत अर्थात् हिन्दू विद्यार्थीहरूकै बाहुल्यता रहेको पाइएको छ। हप्तामा कति दिन कक्षा उपस्थिति हुन्छन् भन्ने सन्दर्भमा एकदिन उपस्थित हुने २.३ %, दुई दिन हुने १.५% तिन दिन हुने १६.५ प्रतिशत. चार दिन हुने ३७. ५% त्यस्तै पाँच दिन हुने ३५.३% र पुरै ६ दिन उपस्थित हुने विद्यार्थी ६.८ प्रतिशत हुँदा सबैभन्दा धेरै चार दिन विद्यालयमा उपस्थित हुने विद्यार्थी संख्या र त्यसपछि पाँच दिन उपस्थित हुने विद्यार्थी संख्या धेरै रहेको अध्ययनले देखाएको छ। त्यस्तै इन्टरनेटमा समय बिताउने विद्यार्थीहरूमा २.३%ले पाँच घण्टा समय बिताउने, अरू २.३% ले ३ घण्टा ४.५ ले २ घण्टा, ७८.९% ले एक घण्टा र १२ प्रतिशतले इन्टरनेट नै नचलाउने रहेको देखिएको छ। अतिरिक्त क्रियाकलापमा ७९.७ प्रतिशतले कहिलेकाँही भागलिने गरेका विद्यर्थीहरू, १८.० प्रतिशतले सधै सहभागी हुने र २.३ प्रतिशतले कहिले पनि अतिरिक्त क्रियाकलापमा भाग नलिने विद्यार्थीहरू सहभागी भएको पाइएको छ। जसमा धेरै विद्यार्थीहरू कहिलेकाँही भागलिने रहेको र सबैभन्दा थोरै कहिलेपनि भाग नलिने रहेको पाइएको छ। घरमा सिकाइ सहयोग पाउने र नपाउनेहरूमा प्रस्तुत अध्ययनमा ७८.२ प्रतिशत विद्यार्थी सहयोग पाउने रहेका छन् भने २१.८ प्रतिशत घरमा सिकाइ सहयोगको वातावरण नभएका विद्यार्थीहरू सहभागी भएका पाइएको छ। त्यस्तै अन्तिम परीक्षामा A±को अपेक्षा गर्ने ६५.५ प्रतिशत विद्यार्थीहरू यस अध्ययनमा सहभागी भएका पाइन्छन् भने A ग्रेडको अपेक्षा गर्ने १२ % B± को अपेक्षा गर्ने १८.८ प्रतिशत र B मात्र अपेक्षा गर्ने ३.८ प्रतिशत विद्यार्थीहरू अध्ययनमा सहभागी भएको पाइएको छ। घरमा कति समय पढ्ने विद्यार्थीहरू यस अध्ययनमा सहभागी छन् भन्ने सन्दर्भमा एक घण्टा पढ्ने १०.५ प्रतिशत दुई घण्टा पढ्ने आधा प्रतिशत तिन घण्टा पढ्ने एक चौथाई त्यस्तै चार घण्टा पढ्ने १२.८ प्रतिशत र पाँच घण्टा पढ्ने १.५ प्रतिशत विद्यार्थीहरू यस अध्ययनमा सहभागी भएका पाइएको छ।

**तालिका नं २**

| लिङ्ग | | | | घरमा सिकाइ सहयोग | | |
|---|---|---|---|---|---|---|
| चर (variable) | औसत पुरुष | औसत महिला | T-Test (P-value) | औसत पाउँछु | औसत पाउँदिन | T- Test (P-Value) |
| शुद्ध पारेर पुनर्लेखन | ३.० | ३.३ | ०.०४३ | ३.२ | ३.० | ०.११ |
| 'ब' उच्चारण हुने 'व' लेखिने | ४.२ | ४.३ | ०.४९ | ४.४ | ४.६ | ०.००२ |
| श, ष र स प्रयोग हुने | १.८ | १.९ | ०.५८ | १.९ | १.६ | ०.१० |
| उपयुक्त शब्द छनौट | ४.० | ४.२ | ०.२३ | ४.३ | ३.५ | ०.०० |

माथिको तालिकामा लिङ्ग र घरमा सिकाइ सहयोग प्राप्त गर्ने खस भाषी विद्यार्थीहरूको शुद्ध पारेर पुनर्लेखन गर्ने क्षमता कस्तो रहेको भनी गरिएको T–test परीक्षणबाट लिङ्गका आधारमा शुद्ध पारेर पुनर्लेखन गर्ने औसत पुरुषको क्षमता ३.० र औसत महिलाको क्षमता ३.३ रहेको छ। जसको P–Value ०.०४३ छ। यसले लिङ्गका आधारमा शुद्ध पारेर पुनर्लेखन गर्ने क्षमतामा तथ्याङ्कीय सार्थक भिन्नता भएको देखाएको छ। त्यस्तै 'ब' उच्तारण हुने 'व' लेखिने शब्दको प्रयोग तथा पहिचानमा पुरुषको ४.२ र महिलाको ४.३ रहेको छ भने यसको P–Value ०.४९ अर्थात

तथ्याङ्कीय सार्थक भिन्नता भएको देखिन्न। श,ष र स प्रयोगमा पनि औसत पुरुषको १.८ र औसत महिलाको १.९ रहेको देखिन्छ। जसको P–Value ०.५९ रहेको छ। यसले पनि तथ्याङ्कीय सार्थक भिन्नता नरहेको वा लिङ्गले यस प्रकारको सिकाइमा खासै फरक नपरेको देखाएको छ।

दिइएका शब्दहरूमध्ये उपयुक्त शब्दको छनौट गर्नेमा औसत पुरुष ४.० र औसत महिला ४.२ रहेका छन्। यसको P–Value ०.२३ रहेको छ। यसले उपयुक्त शब्द छनौटमा लिङ्गले प्रभाव पारेको वा तथ्याङ्कीय सार्थक भिन्नता रहेको देखाएको छ। समग्रमा लिङ्गका आधारमा शुद्ध पारेर पुनर्लेखन गर्ने र उपयुक्त शब्द छनौट गर्नेमा सार्थक भिन्नता रहेको र 'श','ष' र 'स' प्रयोग र 'ब' उच्चारण हुने 'व' लेखिने समस्या समाधानमा लिङ्गले खासै प्रभाव नपारेको वा Significant Difference नरहेको देखिएको छ।

त्यस्तै गरी घरमा सिकाइ सहयोग प्राप्त गर्ने र नगर्ने बिचको सिकाइ भिन्नता के रहेको छ भनी गरिएको परीक्षणमा शुद्ध पारेर पुनर्लेखनमा घरमा सिकाइ वातावरण पाउँछु भन्नेको औसत ३.२ पाउँदिन भन्नेको औसत ३.० रहेको र P–Value ०.११ रहेको छ। यसले सिग्निफिकेन्ट नरहेको देखाएको छ। 'ब' उच्तारण हुने 'व' लेखिने शब्दको सूची बनाउनेमा पाउँछु भन्नेको ४.४ र पाउँदिन भन्नेको ४.६ औसत रहेको र यिनीहरू बिचको P–Value ०.००२ भएको पाइएको छ। त्यसैले खस भाषी विद्यार्थीको घरमा सिकाइ वातावरवण पाउने र नपाउने बिचको 'ब' उच्चारण भएर 'व' लेखिने शब्दको सूची बनाउनेमा कार्यमा भन्नता रहेको वा सार्थक भिन्नता रहेको पाइएको छ। 'श', 'ष' र 'स' प्रयोग गरेर शब्द तथा वाक्य बनाउने सन्दर्भमा घरमा सिकाइ वातावरण पाउँछु भन्नेको १.९ र पाउँदिन भन्नेको १.६ औसत र सिग्निफिकेन्ट ०.१० रहेको छ। यसमा घरको सिकाइ वातारणले खासै फरक नपारेको देखाएको छ। उपयुक्त शब्द छनौटमा भने ४.३ घरमा सिकाइ वातावरण पाउँछु भन्ने र ३.५ औसत पाउँदिन भन्नेको रहेको छ। यसमा P–Value ०.०० रहेको छ। यसको अर्थ उपयुक्त शब्द छनौटमा घरको सिकाइ सहयोगको वातावरणले प्रभाव पारेको वा तथ्याङ्कीय सार्थक भिन्नता रहेको पाइएको छ। समग्रमा घरको सिकाइ सहयोगको वातावरण र 'ब' उच्चारण हुने तर 'व' लेखिने त्यस्तै उपयुक्त शब्द छानौट बिचमा तथ्याङ्कीय सार्थक भिन्नता रहेको तर शुद्ध पारेर पुनर्लेखन एवम् 'श', 'ष' र 'स' प्रयोगमा सार्थक भिन्नता नरहेको पाइएको छ।

प्रस्तुत अनुसन्धानमा खस भाषी विद्यार्थीहरूको वर्णविन्यास सम्बन्धी क्षमताको परीक्षण गर्नका लागि उनीहरूमा बन्द प्रश्नावलीका माध्यमबाट लगिएको परीक्षाको नतिजालाई विश्लेषण गर्नका लागि Analysis of Variance (ANOVA) Test गरिएको छ। उक्त परीक्षणबाट प्राप्त नतिजालाई निम्नानुसार विश्लेषण गरिएको छ।

**तालिका नं. ३**

| पारिवारिक शैक्षिक अवस्था | | | | |
|---|---|---|---|---|
| चर (variable) | औसत शिक्षित | औसत साक्षर | औसत निरक्षर | ANOVA (P-Value) |
| शुद्ध पारेर लेख्ने | ३.० | ३.२१ | ३.०७ | ०.५६ |
| 'ब' उच्चारण हुने 'व' लेखिने | ४.४३ | ४.३६ | ३.६१ | ०.०१ |
| श, ष र स प्रयोग हुने | १.९५ | १.८५ | १.७६ | ०.६२ |
| उपयुक्त शब्द छनौट | ४.४१ | ४.०१ | ४.०७ | ०.०४ |

माथि प्रस्तुत गरिएको तालिकामा पारिवारिक शैक्षिक अवस्था (शिक्षित, शाक्षर र निरक्षर) के कस्तो छ त्यसले नेपाली वर्णविन्यास सिकाइ क्षमतामा के कस्तो प्रभाव पार्दछ भन्ने विषयको परीक्षणका क्रममा प्राप्त भएको नतिलाई तालिकीकरण गरिएको छ। उक्त नतिजा अनुसार शिक्षित परिवार भएका विद्यार्थीको शुद्ध पारेर लेख्ने क्षमता ३.३०

औसत, साक्षर परिवार भएकाको ३.२१ र निरक्षर परिवार भएकाको ३.०७ औसत नतिजा प्राप्त भएको छ भने सिग्नीफिकेन्ट अर्थात् P–Value ०.५६ रहेको छ। जसले सार्थकता तह ५ %(=.०५) भन्दा माथि भएकाले शुन्य परिकल्पना स्वीकार गर्न सकिन्छ। अर्थात् पारिवारिक शैक्षिक अवस्था (शिक्षित, साक्षर र निरक्षर) अनुसार शुद्ध पारेर लेख्ने क्षमता भिन्न रहेको छ। त्यसैले तथ्याङ्कीय सार्थक भिन्नता नभएको भन्न सकिने रहेको देखाएको छ। त्यस्तै 'ब' को उच्चारणमा 'व' लेखिने शब्दको सूची बनाउन लगाएको परीक्षणमा शिक्षित परिवार भएकाको ४.४३ शाक्षर परिवार भएकाको ४.३६ र निरक्षर परिवार भएकाको ३.६१ औसत मान आएको छ भने P–Value ०.०१ रहेको छ। यसले सिकाइमा पारिवारिक शैक्षिक अवस्थाले प्रभाव पारेको अर्थात् जसले तथ्याङ्कीय सार्थक भिन्नता Statistically Significant Difference भएको नतिजा प्राप्त भएको छ। 'श', 'ष' र 'स' को प्रयोगमा शिक्षित परिवार भएकाको १.९५ साक्षर परिवार भएकाको १.८५ र निरक्षर परिवार भएकाको १.७६ औसत नतिजा देखिएको छ। जसको P–Value ०.६२ छ। यसमा तथ्याङ्कीय सार्थक भिन्नता भएको देखिँदैन। त्यसैगरी उपयुक्त शब्द छनौटमा शिक्षित परिवार भएका विद्यार्थीको ४.४१ साक्षर परिवार भएका विद्यार्थीको ४.०१ र निरक्षर परिवार भएकाको ४.०७ औसत देखिएको छ। त्यस्तै ०.०४ P–Value देखिएको छ। यसरी हेर्दा पारिवारिक शैक्षिक अवस्थाका कारण 'ब' को उच्चारण भएर 'व' लेखिने र उपयुक्त शब्द छनौट गरेर लेख्नेमा प्रभाव परेको देखिन्छ अर्थात सार्थकता तह ५ %(=.०५) भन्दा कम भएकाले शुन्य परिकल्पना स्वीकार गर्न सकिन्ने भएकाले तथ्याङ्कीय सार्थक भिन्नता देखिन्छ भने शुद्ध गरेर लेख्ने र 'श', 'ष' र 'स' को प्रयोगमा साङ्ख्यकीय रूपमा महत्त्वपूर्ण भिन्नता नरहेको पाइएको छ।

**तालिका नं ४**

| अतिरिक्त क्रियाकलापमा सहभागिताका आधारमा | | | | |
|---|---|---|---|---|
| चर (variable) | औसत कहिलेकाहीँ | औसत सधैँ हुन्छु | औसत कहिल्यै हुँदिन | ANOVA (P-Value) |
| शुद्ध पारेर लेख्ने | ३.२४ | ३.३३ | २.०० | ०.००७ |
| 'ब' उच्चारण हुने 'व' लेखिने | ४.३२ | ४.५८ | २.०० | ०.०० |
| श, ष र स प्रयोग हुने | १.८७ | २.०० | १.०० | ०.०७४ |
| उपयुक्त शब्द छनौट | ४.१९ | ४.१२ | ३.०० | ०.०५७ |

माथिको तालिकामा अतिरिक्त क्रियाकलापमा सधैँ सहभागी हुने, कहिलेकाँही हुने र कहिल्यै नहुने आधारमा विद्यार्थीहरूको वर्णविन्यास क्षमतामा के कति फरक परेको छ भन्ने विषयमा Analysis of Variance (ANOVA) Test गरी नतिजा निकालिएको छ। त्यस नतिजाका आधारमा आश्रित चर र स्वतन्त्र चरहरूको के कस्तो प्रभाव एवम् सम्बन्ध रहेको छ भन्ने सन्दर्भमा शुद्ध पारेर लेख्ने समस्याको लागि अतिरिक्त क्रियाकलापमा कहिलेकाहीँ सहभागी हुनेको ३.२४ सधैँ सहभागी हुनेको ३.३३ र कहिल्यै नहुनेको २.०० औसत मान रहेको देखिन्छ। P–Value भने ०.००७ रहेको छ। जसले अतिरिक्त क्रियाकलापमा सहभागी हुने आधारमा वर्णविन्यास क्षमतामा फरक परेको अर्थात् साङ्ख्यकीय रूपमा महत्त्वपूर्ण भिन्नता रहेको देखाएको छ। त्यस्तै 'ब' को उच्चारण भएर 'व' लेखिने वर्णको प्रयोग गरेर शब्द निर्माण गर्ने अभ्यासमा अतिरिक्त क्रियाकलापमा कहिलेकाँही हुन्छु भन्नेको औसत मान ४.३२ सधैँ सहभागी हुन्छु भन्नेको ४.५८ र कहिल्यै हुँदिन भन्नेको २.०० रहेको पाइएको छ। यसमा पी मान ०.००० रहेको छ। यसको अर्थ यसमा पनि अतिरिक्त क्रियाकलापमा सहभागीताको अवस्थाले पनि सिकाइमा प्रभाव पारेको छ वा साङ्ख्यकीय रूपमा महत्वपूर्ण भिन्नता रहेको छ भन्ने देखाएको छ। 'श', 'ष' र 'स' वर्णको प्रयोग भएका शब्दको प्रयोग गरेर वाक्य निर्माण गर्ने अभ्यासमा अतिरिक्त क्रियाकलापमा सहभागी कहिलेकाँही हुन्छु भन्नेको १.७८ सधैँ हुन्छु भन्नेको २.०० र कहिल्यै हुँदिन भन्नेको १.०० औसत मान रहेको देखिन्छ। त्यस्तै यसको पी मान ०.०७४ रहेको छ। जसले यस विषयको सिकाइमा अतिरिक्त

क्रियाकलापले खासै फरक नपारेको वा तथ्याङ्कीय सार्थक भिन्नता नरेको देखिएको छ। त्यसै गरी उपयुक्त शब्द छनौट गरेर लेख्ने कार्यका लागि कहिलेकाँही अतिरिक्त क्रियाकलापमा सहभागी हुनेको ४.१९ सधैँ हुनेको ४.१२ र कहिल्यै हुँदिन भन्नेको ३.०० औसत मान रहेको पाइएको छ भने यसमा P–Value ०.०५७ रहेको छ। अर्थात् यसमा पनि सांख्यिकीय रूपमा महत्त्वपूर्ण भिन्नता नरहेको Anova Test को तथ्याङ्क विश्लेषणले देखाएको छ। यसरी समग्रमा शुद्ध पारेर लेख्ने र 'ब' को उच्चारण भएर 'व' लेख्ने जस्ता आश्रित चरमा मा अतिरिक्त क्रियाकलापमा सहभागिता जस्तो स्वतन्त्र चरले प्रभाव पारेको वा भिन्नता रहेको देखाएकाले सांख्यिकीय रूपमा महत्वपूर्ण भिन्नता रहेको देखाएको छ। त्यस्तै 'श', 'ष' र 'स' को प्रयोग र उपयुक्त शब्द छनौटका क्षेत्रमा तथ्याङ्कीय सार्थक भिन्नता नरहेको देखाएको छ।

## निष्कर्ष

खस भाषी विद्यार्थीहरूको वर्णविन्यास क्षमताको परीक्षणका लागि खस भाषाका १३३ जना विद्यार्थीहरूमा लिइएको परीक्षाको नतिजालाई SPSS तथ्याङ्क विश्लेषण सफ्टवेरबाट विश्लेषण गरिएको छ। शुद्ध पारेर पुनर्लेखन गर्ने, ब' उच्चारण भएर 'व' लेखिने, 'श', 'ष' र 'स' प्रयोग र उपयुक्त शब्द छनौट जस्ता आश्रित चरको लिङ्ग र घरमा सिकाइ सहयोग जस्ता स्वतन्त्र चरबिच T–test गर्दा लिङ्ग (महिला र पुरुष) का आधारमा शुद्ध पारेर पुनर्लेखन गर्ने र उपयुक्त शब्द छनौटको समस्या समाधमाका विषयमा सार्थक भिन्नता वा साङ्ख्यकीय रूपमा महत्त्वपूर्ण भिन्नता रहेको देखिन्छ। 'श', 'ष' र 'स' प्रयोग एवम् 'ब' उच्तारण भएर 'व' लेखिने समस्या समाधानमा लिङ्गले खासै प्रभाव नपारेको वा सार्थक भिन्नता नरहेको देखाएको छ। घरमा सिकाइ सहयोग पाउने र नपाउने आधारमा 'ब' उच्चारण हुने तर 'व' लेखिने र उपयुक्त शब्द छानौटजन्य समस्यामा तथ्याङ्कीय सार्थक भिन्नता रहेको तर शुद्ध पारेर पुनर्लेखन एवम् 'श', 'ष' र 'स' प्रयोगमा सार्थक भिन्नता नरहेको पाइएको छ। त्यस्तै गरी पारिवारिक शैक्षिक अवस्था र अतिरिक्त क्रियाकलापमा सहभागिताका जस्ता स्वतन्त्र चरसँग शुद्ध पारेर पुनर्लेखन गर्ने, ब' उच्चारण भएर 'व' लेखिने, 'श', 'ष' र 'स' प्रयोग र उपयुक्त शब्द छनौट जस्ता आश्रित चरको भिन्नताको पहिचान गर्न One Way Anova Test गर्दा पारिवारिक शैक्षिक अवस्थाका कारण 'ब' को उच्चारण भएर 'व' लेखिने र उपयुक्त शब्द छनौट गरेर लेख्नेमा सार्थकता तह ५ %(=.०५) भन्दा कम भएकाले शुन्य परिकल्पना स्वीकार गर्न सकिन्ने एवम् तथ्याङ्कीय सार्थक भिन्नता देखिन्छ भने शुद्ध गरेर लेख्ने र 'श', 'ष' र 'स' को प्रयोगमा पारिवारिक शैक्षिक वातावरणका कारण साङ्ख्यकीय रूपमा महत्त्वपूर्ण भिन्नता नरहेको पाइएको छ। त्यसै गरी अतिरिक्त क्रियाकलापमा सहभागी हुने, नहुने र कहिलेकाहीँ हुनेहरूको नतिलाई हेर्दा शुद्ध पारेर लेख्ने र 'ब' को उच्चारण भएर 'व' लेख्ने जस्ता आश्रित चरमा अतिरिक्त क्रियाकलापमा सहभागिता जस्तो स्वतन्त्र चरले प्रभाव पारेको वा भिन्नता रहेको देखाएकाले साङ्ख्यकीय रूपमा महत्त्वपूर्ण भिन्नता रहेको देखाएको छ। त्यस्तै 'श', 'ष' र 'स' को प्रयोग र उपयुक्त शब्द छनौटका क्षेत्रमा तथ्याङ्कीय सार्थक भिन्नता नरहेको देखाएको छ। समग्रमा यस अध्ययनमा T–test / Anova Test को नतिजालाई मूल्याङ्कन गर्दा आश्रित चर र स्वतन्त्र चरबिचको सम्बन्धले करिब आधा प्रतिशत प्रभाव पार्ने वा सिकाइ प्रभावित हुने पाइएको छ। खस भाषाका विद्यार्थीहरूको वर्णविन्यास सिकाइ क्षमता मध्यम स्तरको रहेको र वर्णविन्यासको सिकाइमा लिङ्ग, घरमा सिकाइको वातावरण, पारिवारिक शैक्षिक अवस्था, अतिरिक्त क्रियाकलापमा सहभागीताको अवस्था जस्ता कारणले सिकाइमा करिब आधा प्रतिशतले प्रभाव पार्छ भन्ने निष्कर्ष प्रस्तुत गर्न अध्ययन सफल भएको छ।

## सन्दर्भ सूची

अर्याल, भूवन (२०२४) वर्णविन्यासगत त्रुटि, कारण र समाधान, *रेसुङगा जर्नल*।
खनिया, बुद्धराज (२०७५), *नेपाली भाषा शिक्षणः सिद्धान्त र प्रयोग*।
खनिया, बुद्धराज (२०८१), *नेपाली भाषा शिक्षण,* जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ्ग हाउस प्रा. लि।
खत्री, प्रकाश (सन २०२४), खस मातृभाषी विद्यार्थीले नेपाली भाषा सिकाइमा गरेका त्रुटिको विश्लेषण, ए.एम.सी
खनाल, पेसल (२०८०), *शैक्षिक अनुसन्धान पद्धति,* सनलाइट पब्लिकेसन।
चौलागाईं, प्रेमप्रसाद (२०७९), *भाषाविज्ञानको परम्परा र पद्धति,* ओरिएन्टल पब्लिकेसन।

पन्थ, नारायणप्रसाद (सन २०२४), थारूभाषी विद्यार्थीका नेपाली उच्चारणगत र वर्णविन्यासगत त्रुटि, *एजुकेसन क्वालिटी जर्नल*।
पोखरेल, माधवप्रसाद र पोखरेल अर्पणा (२०७९), *नेपाली वर्ण व्याकरण,* नेपाल प्रज्ञा प्रतिष्ठान ।
बन्धु, चुडामणि (२०२८), *कर्णाली लोक संस्कृति भाग ४,* नेपाल प्रज्ञा प्रतिष्ठान ।
बन्धु, चुडामणि (२०७७), *भाषाविज्ञान* , साझा प्रकाशन ।
भुसाल, केशव र भट्ट, महेश प्रसाद (२०७७), *माध्यमिक नेपाली शिक्षक मार्गदर्शिका,* सनलाइट पब्लिकेसन ।
लम्साल, रामचन्द्र र खनाल, राजेन्द्र (२०७८), *प्राज्ञिक तथा सृजनात्मक लेखन र सम्पादन,* सनलाइट पब्लिकेसन ।
सोडारी, सुजन (२०२३) 'माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूको वर्णविन्यास क्षमता' *इनोभेटिभ रिसर्च जर्नल*।
शाही, खड्कबहादुर (सन २०२४), खस मातृभाषी विद्यार्थीहरूको नेपाली भाषा सिकाइ, *इनोभेटिभ रिसर्च जर्नल*।